# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - २६

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल असार १ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री लक्ष्मी परियारलाई समय दिनुहुँदा उहाँले गुठी विधेयकको व्यवस्थाको विरोध गरिरहेका नागरिकहरुमाथि सरकारले गरेको दमनको विषयमा प्रमुख प्रतिपक्षले जेठ २७ गते यताको हरेक बैठकमा उठाइरहँदा पनि अहिलेसम्म सरकारबाट त्यस विषयमा चित्तबुझ्दो जवाफ नआएको, धर्म, सँस्कृति, सभ्यता, रीतिरिवाजसँग सम्बन्धित रहेको उक्त विधेयकमाथि सरोकारवालाहरुसँग यथेष्ट छलफल नभएको एवं संविधान विपरित ल्याइएकोले गुठी विधेयक फिर्ता लिई सम्बन्धित पक्ष र सरोकारवालाहरुको अधिकार स्थापित गर्ने गरी विधेयक सच्याउन सरकारको ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तदुपरान्त मा० श्री प्रदिप यादवले राष्ट्रिय जनता पार्टी नेपालले विगतका बैठकहरुमा गिरिशचन्द्र लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकारको ध्यानाकर्षण गराएको र सो विषयमा सम्माननीय सभामुखबाट समेत सरकारलाई निर्देश गर्दा पनि उक्त प्रतिवेदन हालसम्म सार्वजनिक नभएको, संविधानको प्रस्तावना र मौलिक हकमा समेत उल्लेख भएको समानुपातिक र समावेशीताको सिद्धान्तलाई नमान्दै सरकारले लोक सेवा आयोगबाट भएको विज्ञापन खारेज नगरेको, धर्म सँस्कृतिलाई मास्ने गरी सरकारले गुठी विधेयक ल्याएको, विधेयकको दफाहरुको व्यवस्थाले मठ मन्दिर सञ्चालन र निर्माण गर्नमा समेत बाधा उत्पन्न हुने लगायतका विषयहरुका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री वहादुर सिंह लामा (तमाङ)
३. मा० श्री विना कुमारी श्रेष्ठ
४. मा० श्री विन्दा पाण्डे
५. मा० श्री विरोध खतिवडा
६. मा० श्री शान्तिमाया तामाङ (पाखिन)
७. मा० श्री सत्यनारायण शर्मा खनाल
८. मा० श्री समीना हुसेन
९. मा० श्री सरिता कुमारी गिरी
१०. मा० श्री सरवत आरा खानम
११. मा० श्री सीतादेवी यादव
१२. मा० श्री सानु सिवा
१३. मा० श्री सुजिता शाक्य
१४. मा० श्री हरिराज अधिकारी
१५. मा० श्री ज्ञानकुमारी छन्त्याल
१६. मा० श्री विमला विश्वकर्मा

त्यसपछि सम्माननीय सभामुखले मा० सदस्यहरुको उपस्थिति कक्षमा राखिएको शून्य समयको सूचीमा समयमै आफ्नो नाम दर्ता गराउन हुन मा० सदस्यहरुलाई ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री शान्ता चौधरी
२. मा० श्री गगन कुमार थापा
३. मा० श्री एकवाल मियाँ
४. मा० श्री सरिता गिरी
५. मा० श्री राजेन्द्रप्रसाद लिङदेन
६. मा० श्री ईन्दु कुमारी शर्मा
७. मा० श्री केदार सिग्देल
८. मा० श्री नरबहादुर धामी
९. मा० श्री प्रकाश रसाईली (स्नेही)
१०. मा० श्री रेखा कुमारी
११. मा० श्री गौरीशंकर चौधरी
१२. मा० श्री मेटमणि चौधरी
१३. मा० श्री बिमला वि.क.
१४. मा० श्री गंगा चौधरी (सत्गौवा)
१५. मा० श्री प्रेम सुवाल

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७६ को विभिन्न शीर्षकहरुमाथिको जारी छलफल अन्तर्गत आजको लागि निर्धारित कार्यसूचीमा रहेको गृह मन्त्रालयको विनियोजन शिर्षकमाथिको छलफल भोलीको लागि सारिएको जानकारी गराउनु हुँदै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि तीन जना मा० सदस्यहरुबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४३ को उपनियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिम खर्च कटौतीको प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि खर्च कटौती प्रस्तावका प्रस्तावक निम्नलिखित मा० सदस्यहरुले आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजको लागि निर्धारित विनियोजन शीर्षकहरुमाथिको छलफलमा समेत भाग लिनुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री रंगमति शाही

तदुपरान्त उक्त मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री भरत कुमार शाह
३. मा० श्री चन्द्रकान्त चौधरी
४. मा० श्री सरिता गिरी
५. मा० श्री मेटमणि चौधरी
६. मा० श्री राजेन्द्र कुमार के.सी.
७. मा० श्री नरमाया ढकाल
८. मा० श्री उमाशंकर अरगरिया
९. मा० श्री कृष्णप्रसाद दाहाल
१०. मा० श्री गगन कुमार थापा
११. मा० श्री बिमला बि.क.
१२. मा० श्री सत्यनारायण शर्मा खनाल
१३. मा० श्री नारदमुनि राना
१४. मा० श्री मिनबहादुर विश्वकर्म
१५. मा० श्री घनश्याम खतिवडा
१६. मा० श्री मीना सुब्बा
१७. मा० श्री पूर्ण कुमारी सुवेदी
१८. मा० श्री रामबहादुर विष्ट
१९. मा० श्री विमला नेपाली
२०. मा० श्री नवराज रावत
२१. मा० श्री महेश्वरजंग गहतराज (अथक)
२२. मा० श्री नरबहादुर धामी
२३. मा० श्री गंगा चौधरी (सत्गौवा)
२४. मा० श्री देवप्रसाद तिमलसेना
२५. मा० श्री जीवनराम श्रेष्ठ
२६. मा० श्री शान्ता चौधरी
२७. मा० श्री सूर्यप्रसाद पाठक
२८. मा० श्री देवप्रसाद गुरुङ

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७६ अन्तर्गत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै विनियोजन विधेयक, २०७६ अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय र गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०७६ असार २ गतेको बैठकमा हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७६ साल असार २ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी दिनको ४:२० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव